का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ८०
- २३ बैशाख २०७७, मंगलबार
- 5 May 2020, Tuesday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: सोमबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | ७५ जना | १६ जना | १३६४० | १०६ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ३५ लाख ९० हजार | ११ लाख ६६ हजार | दुई लाख ४९ हजार | २१ लाख ७७ हजार |

# नेपालगञ्जमा कर्फ्यू

- प्रदेश-५ र कर्णाली प्रदेशमा उच्च सतर्कता
- लकडाउन थप व्यवस्थित गर्न सरकारलाई सुझाव

**नेपालगञ्जमा आइतबार एकैदिन १५ जनामा संक्रमण देखिए पछि लकडाउनको अवधि थपिने मात्रै नभएर महामारीको खतरा समेत बढेको छ। नेपालगञ्जमा वैशाख २५ गतेसम्म कर्फ्यू नै जारी गरिएको छ।**

**मध्यान्ह संवाददाता**
बााके, २२ वैशाख।

बाँकेको नेपालगञ्जमा आइतबार उदयपुरको भुल्के भुलाउनेगरी एकै दिन १५ जनामा संक्रमण देखिए पछि वैशाख २५ गतेसम्म कर्फ्यू जारी गरिएको छ। प्रदेश सरकारले खतरा बढेसँगै उच्च सतर्कता अपनाउने निर्णय गरेको छ भने कर्णाली प्रदेश समेत त्रसित देखिएका छन्। वीरगञ्जमा एक जना र नेपालगञ्जमा १५ जना गरी अहिलेसम्मकै उच्च संख्यामा संक्रमित भेटिए सँगै संघीय सरकारले पनि लकडाउनबारे विशेष योजना बनाउने भएको छ।

सोमबार बसेको कोरोना रोकथाम, उपचार तथा नियन्त्रण उच्च स्तरीय समितिले लकडाउनलाई थप व्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको सुझाव सरकारलाई सिफारिस गरेको छ। नेपालगञ्जमा समुदाय स्तरमा संक्रमण फैलिएको भेटिए पछि राजधानी उपत्यका सहित अन्य प्रदेश समेत त्रसित बनेका छन्।



## समुदाय स्तरमा संक्रमण

नेपालगञ्जमा एकै दिन उच्च संख्यामा संक्रमण देखिए पछि चिन्ता बढेको छ। भारतवाट आएका एक संक्रमितवाट फैलिएको कोरोना भाईरस समुदायस्तरमा पुगेको हो। तीन दिन पहिले भेटिएका ६० वर्षीय कोरोना भाइरस (कोभिड-१९) संक्रमितको सम्पर्कमा रहेका १५ जनामा संक्रमणको पुष्टि भएको छ।

मस्जिद र मदरसामा कोभिड-१९ परीक्षण गर्ने क्रममा नेपालगञ्ज उपमहानगरपालिकाको अन्सारी मस्जिदमा अजान गर्ने ६० वर्षीय ती पुरुषमा वैशाख १९ गते संक्रमणको पुष्टि भएको थियो। उनी वडा नम्बर ७ डीएसपी रोडका बासिन्दा हुन र हरेक दिन वडा नम्बर ८ को महेन्द्रपार्क नजिकको अन्सारी मस्जिद पुग्थे। उनी मस्जिदमा मौजिन (मस्जिदमा अजान गर्ने व्यक्ति) थिए।

एक महिनाअघि भारतबाट फर्किएका पहिलो संक्रमित महेन्द्र पार्कस्थित मस्जिदमा नमाज पढ्न र बालबालिकालाई उर्दू भाषा पढाउन स्थानीय बासिन्दाको घरैमा जाने गरेका थिए। उनको घरबाट महेन्द्र पार्क पुग्न मिनार मस्जिद रोड, एमपी स्कुल, रानीतलाउ मोड, जोलहनपूर्वा हुँदै जानुपर्छ। नमाज पढ्न उनी दिनमै तीन, चार पटक जाने गरेको थप अनुसन्धानवाट खुलेको नेपालगञ्ज उपमहानगरपालिकाका मेयर डा धवलशमसेर जवराले बताए। भारत आउजाउ गरिरहने उनी पछिल्लो पटक लकडाउन शुरु हुनुअघि भारतको नानपारालगायत ठाँमा गएका थिए।

बाक्लो बस्ती भएकाले एउटै टोलमा धेरै जना संक्रमित भएको हुनसक्ने आशंका स्वास्थ्यकर्मीले गरेका छन्। लकडाउनको समयमा पनि उक्त बस्तीका बासिन्दा एकअर्काको घरमा आउजाउ गर्दै आएको उनिहरुले नै बताएका छन्। संक्रमण भेटिएका कुनै व्यक्तिमा पनि कोरोनासम्बन्धी लक्षण देखिएको छैन।

एकै दिन धेरै जनाको नतिजा पोजिटिभ आएपछि बजार आंतकित बनेको छ। नागरिकहरुले आआफ्नो टोलमा काठ तथा डोरी लगाए बाटोहरु बन्द गरेको नेपालगञ्जका पत्रकार शुक्ररिषी चौलागाईले बताए। कोरानो संक्रमितहरुको विवरणका आधारमा नेपालगञ्जका विभिन्न क्षेत्र शिल गरिएको छ। संक्रमित भेटिएपछि नेपालगन्जका चार स्थान सिल गरिएको छ। नेपालगन्ज-५, डीएसपी रोड, वडा ८ महेन्द्र पार्क, धम्बोझी चोक र एकलैनी क्षेत्र सिल गरिएको बँकेका प्रमुख जिल्ला अधिकारी कुमारबहादुर खड्काले बताए।

'संक्रमितको संख्या थपिएसगै थप कडाइ र सतर्कता बढाएका छौं,' उनले भने, 'परीक्षण किट र उपकरण पनि सरकारसँग माग गर्ने निर्णय भएको छ।' स्थानीयले सिंगो वडा नै शिल गरेर काम गर्न आग्रह गरेपछि त्यस विषयमा पनि छलफल भैरहेको छ।

नेपालगन्जमा एउटै टोलका १५ जनामा कोरोना संक्रमण पुष्टि भएपछि स्थानीयले आफैं सतर्कता अपनाउन थालेका छन्। नगरका टोल-टोलमा उनीहरूले बाटोमा तगारो लगाएर आवतजावत बन्द गराएका छन्। यसअघि बिहान र साँझ अत्यावश्यक वस्तु किनमेल गर्न निस्किने सर्वसाधारण अहिले घरभित्रै छन्।

## भगौडा संक्रमित

सरकारले चैत १० गते विहान १० बजेबाट नेपालका सबै अन्तरराष्ट्रिय सीमा नाकामा आवागमन बन्द गर्‍यो। लकडाउनको घोषणा गर्दै जो जहां छ त्यहि बस्ने सरकारी निर्णय भैसकेको बाँकी पृष्ठ २ मा

# नजिकिए ओली-दाहाल

## नेता नेपाल सशंकित

**सत्तारूढ नेकपाका दुई अध्यक्ष केपी शर्मा ओली र पुष्पकमल दाहाल बीच सोमबार भेटवार्ता भएको छ। लगातार ओली र दाहालबीच भेटवार्ता भइरहँदा अर्का नेता माधवकुमार नेपाल भने सशंकित देखिएका छन्।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ वैशाख।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष द्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल बीच सोमबार भेटवार्ता भएको छ। प्रधानमन्त्री निवास बालुवाटारमा अध्यक्ष दाहाल प्रधानमन्त्री समेत रहेका अध्यक्ष ओलीलाई भेट्न पुगेका थिए। भेटवार्तामा पार्टीभित्र देखिएको विवाद हल गर्नेबारे छलफल भएको बताइएको छ।



वैशाख २० गते बसेको सचिवालय बैठकमै पनि दुई अध्यक्ष बीच सम्बन्ध सुध्रिएको संकेत दिइएको थियो। अध्यक्ष ओली बस्ने कुर्सी छुट्टै राख्ने र अर्का अध्यक्ष दाहाललाई अन्य सचिवालय सदस्यहरुसँग राखिदै आएको थियो। स्थायी कमिटी बैठक बोलाउने निर्णय भएको सविचलाय बैठकमा दाहालको कुर्सी ओलीसँग एउटै लहरमा राखिएको थियो भने उनीहरुका लागि रातो कुर्सी राखिएको थियो। त्यसै दिनको बैठकले वैशाख २५ गते सचिवालय बैठक बस्ने र वैशाख २६ गते स्थायी कमिटी बैठक बोलाउने निर्णय गरेको छ।

स्थायी कमिटी बैठकको माग गर्दा भने दाहाल निकट नेताहरु बरिष्ठ नेता माधवकुमार नेपालतिर उभिएका थिए। दाहाल र नेपाल निकट २० स्थायी कमिटी सदस्यहरुको माग अनुसार, बैठक बोलाइएको छ। तर, त्यस बीचमा दुई पटक दुई अध्यक्ष बीच भेटवार्ता भइसकेको छ। स्रोतका अनुसार, ओली तर्फ उपाध्यक्ष वामदेव गौतम र महासचिव बिष्णुप्रसाद पौडेल उभिए पछि दाहाल समेत उतै लाग्ने संकेत देखिएको छ। सोमबारको बैठकले पनि पौडेललाई नै सहमतिको प्रस्ताव ल्याउने कार्यादेश दिइएको छ। यसले नेकपाभित्र नेता नेपाल फेरि अन्य नेताहरुसँग सशंकित हुने देखिएको छ।

आइतबार आफू निकट स्थायी कमिटी र केन्द्रीय सदस्यहरुसँग छुट्टा-छुट्टै भेला गरी पार्टीभित्र विकसित घटनाक्रमबारे जानकारी गराएका थिए। बैठकमा सामेल एक नेताका अनुसार, नेता नेपालले दाहाल र गौतम दुवैले धोका दिएको बताएका छन्। वैशाख २० गते बसेको सचिवालयको बैठकमा समेत त्यसको संकेत मिलिसकेको छ। किनभने, दाहालको कुर्सी फेरियो भने बाँकी पृष्ठ २ मा

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु



ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रूघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?



- नियमित रूपमा साबुन पानीले हात धुने।
- खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख छोप्ने।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने।

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

## वैदेशिक रोजगार व्यवसायीहरुद्वारा श्रममन्त्रीलाई ज्ञापनपत्र

# ऐन संशोधनदेखि धरौटी फिर्तासम्मको माग



**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ वैशाख

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण वैदेशिक रोजगार व्यवसायीहरु संकटमा परेको भन्दै तत्काल विभिन्न राहतका कार्यक्रम ल्याउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवको ध्यानाकर्षण गराएको छ। संघका अध्यक्ष विष्णुप्रसाद गैरेको नेतृत्वमा गएको संघ पदाधिकारी तथा विभिन्न राजनीतिक दल निकट वैदेशिक रोजगार व्यवसायीहरु संलग्न प्रतिनिधिमण्डलले सोमबार मन्त्री यादवलाई मन्त्रालयमा ज्ञापनपत्र बुझाउँदै उक्त माग गरेको हो।

ईजाजतपत्र नवीकरण गर्न व्यवसायीहरुलाई अनिवार्य रुपमा वार्षिक एकसय जना कामदार वैदेशिक रोजगारीमा पठाएको हुनुपर्ने प्रावधान रहेको छ। मन्त्रिपरिषद्को गत चैत १६ गते बसेको बैठकले वार्षिक रुपमा एक सय जना कामदार वैदेशिक रोजगारीमा नपठाएकै कारणबाट ईजाजतपत्र संस्थाहरु खारेज हुने हालको व्यवस्था हटाउन सहमति जनाएको थियो।

तर वैदेशिक रोजगार ऐन र नियमावलीको व्यवस्था हालसम्म परिवर्तन भएको छैन। संघले उक्त प्रावधान यथावत रहेमा ३ सय ५० देखि ५ सय ५० म्यानपावर कम्पनीहरु नवीरकण हुन नसकि वैदेशिक रोजगार व्यवसायीहरुले ईजाजतपत्रका लागि गरेको करोडौं लगानी डुब्ने, नेपाली कामदारका लागि विदेशबाट म्यानपावर कम्पनीमा आएको डिमाण्ड खेर जाने र म्यानपावर कम्पनीमा कार्यरत एक लाख भन्दाबढी कर्मचारीहरुले रोजगारी गुमाउने अवस्था आउने भन्दै जुनसुकै उपाय अवलम्वन गरेर भएपनि तत्काल ऐन र नियमावलीमा संशोधन गरी व्यवसायीहरुले ईजाजतपत्र नवीकरण गर्न पाउने व्यवस्था गर्न माग गरेको छ।

त्यसैगरी संघले विश्वव्यापी मह ामारीको रुपमा फैलिएको कोरोना भाइरसले मुलुकको अन्य पेशा व्यवसाय भन्दा वैदेशिक रोजगार व्यवसाय प्रभावित भएको भन्दै व्यवसायलाई पूर्ववत रुपमा सञ्चालन गर्नका लागि व्यवसायीहरुले ईजाजतपत्रका लागि राखेको धरौटी एक वर्षका लागि फिर्ता गरिदिनुपर्ने माग गरेको छ। संघले बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कति फर्किएलान् कामदार ?

काठमाडौं/मस- कोरोना भाइरसको संक्रमण नियन्त्रण भई अन्तर्राष्ट्रिय उडान सुचारु भए कति नेपाली स्वदेश फर्किएलान ? यो प्रश्न नेपालको वैदेशिक रोजगारका क्षेत्रमा चासो राख्नेहरुका लागि कौतुहलताको विषय बनेको छ। तर वैदेशिक रोजगारीमा रहेका कामदार, नेपालमा श्रम आप्रवासनलाई हेर्ने विज्ञ र सरकारी निकायबीच स्वदेश फर्किने नेपालीको संख्याकाबारेमा ठूलो अन्तर देखिएको छ।

सोमबार भएको दुई भिडियो कन्फरेन्समा दिइएका तथ्यांकले यो प्रश्नलाई थप गम्भीर बनाएको छ। सोमबार बिहान श्रम रोजगार पत्रकार समूहले आयोजना गरेको अन्तरक्रियामा परराष्ट्रमन्त्री ज्ञवालीले फर्किने नेपाली कामदारको संख्या ३५ हजार रहेको बताए। तर सोमबार नै वैदेशिक रोजगार पत्रकार समाजले गरेको विदेशमा रहेका नेपाली कामदारहरुको मानसिक स्वास्थ सम्वन्धी कार्यक्रममा कतारबाट जोडिएका दिलिप पराजुलीले लकडाउन खुलेमा कतारबाट मात्रै ५० हजार नेपाली स्वदेश फर्किने स्थिति रहेको बताए। बाँकी पृष्ठ २ मा

# डा. भट्टराईलाई कारबाहीको माग गर्दै आयोगमा उजूरी

**काठमाडौं/मस-** प्रतिनिधिसभा सदस्य महेश बस्नेत र कृष्णकुमार श्रेष्ठ तथा पूर्वप्रहरी महानिरीक्षक सर्वेन्द्रनाथ खनाल र सहयोगी नवीन बस्नेतले पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईविरुद्ध राष्ट्रिय मानव अधिकार आयोगमा संयुक्त उजूरी दर्ता गराएका छन्। जनता समाजवादी पार्टीका नेता डा भट्टराईले सांसद अपहरणको आरोप लगाएर आफूहरुको मानवाधिकार हनन एवं मानहानि गरेको जनाउँदै उनीहरुले सोमबार आयोग पुगेर डा भट्टराईविरुद्ध उजूरी दर्ता गराई निष्पक्ष छानबिनको माग गरेका हुन्।



निवेदननमा भनिएको छ, 'नेपालको संविधानको धारा २४९ को उपधारा २ (क), २ (ख) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १० बमोजिम मानवअधिकारको उल्लंघन भएको, दुरुत्साहन भएकोले सत्यतथ्य छानबिन गरी प्रचलित कानूनबमोजिम हदैसम्मको कारबाही गर्न गराउन सिफारिस गरी पाऊँ।'

उजूरीमा जसपाका सांसद डा सुरेन्द्र यादवको अपहरण गरेको भनी झूटो आरोप लगाई गलत प्रचार गरी आफू र आफ्ना परिवारमा मनोवैज्ञानिक पीडा, अपहेलना र मानसिक क्षति पुर्‍याएको भन्दै कारवाही गर्न माग गरिएको हो।

डा यादवले जसपाका प्रमुख सचेतक उमाशंकर अरगरिया र प्रदेशसभा सदस्य कौशल यादलगायत आफूसँगै आएका अन्य आफन्तबारे कुनै कुरा उल्लेख नगरी डा भट्टराई तथा विश्वदीप पाण्डेको सम्पर्कमा पुगेपछि बदनियतपूर्वक र राजनीतिक लाभ लिने उद्देश्यबाट प्रेरित भई गम्भीर आरोप लगाएको उनको भनाइ छ।

आयोगमा नेकपाका केन्द्रीय सदस्य बस्नेतले भने, 'पार्टी एकतादेखि धेरै विषयमा कुराकानी गर्न सहमतिकै आधारमा काठमाडौँ आए पनि डा बाबुराम भट्टराईको नेतृत्वमा यसलाई अतिरञ्जित गरिएको, गम्भीरर आरोपहरु लगाइएको छ, यसको निष्पक्ष छानबिन गरी कारवाही गर्न माग गर्दछौं।'

अर्का सांसद श्रेष्ठले तनहुँको विकासमा निरन्तर लागिरहेको र आफूले पाउने तलब एवं सुविधासमेत जिल्लाका विकासमा खर्च गरेको व्यक्तिलाई अपहरण जस्तो गम्भीर आरोप लगाएर आफूहरुको चरित्रमाथि दाग लगाउने र मानसिक तनाव दिने काम भएकाले छानबिन गरी कारबाही गर्न माग गरे।

पूर्वप्रहरी महानिरीक्षक खनालले प्रहरी सेवामा आफूले निष्कलंकित भएर ३० वर्ष पुर्‍याएको योगदानलाई मेट्ने काम गर्दै अपहरणको आरोप लगाएर आफू र परिवारमा मानसिक क्षति पुर्‍याउने काम भएको जिकिर गरे।

त्यस्तै फेसबुकलगायत सामाजिक सञ्जालमा प्रधानमन्त्रीलाई मानहानि गरिएको तथा जातीय सद्भाव भड्काउने शब्द प्रयोग गरी घृणा र द्वेष फैलाउने कार्य गरेको भन्दै डा भट्टराई, जसपाका नेता विश्वदीप पाण्डे र आङ्काजी शेर्पालाई साइबर क्राइमअन्तर्गत कारबाही गर्नका लागि सिफारिस गर्न माग गरिएको छ।

उजूरी बुझ्दै आयोगका सदस्य प्रकाश वस्तीले यसबारेमा निष्पक्ष छानबिन गरिने, प्रमाण जुटाइने, आवश्यक परे सम्बन्धित स्थानमै गएर छानबिन गरिने र मानवाधिकार हनन भए नभएको सत्यतथ्य बाहिर ल्याइने बताए। महोत्तरीस्थित घरबाट यही वैशाख १० गते जबर्जस्ती काठमाडौँ ल्याएको भन्दै डा यादवले पनि मानवाधिकार रक्षा गरिदिन माग गर्दै वैशाख १८ गते आयोगमा उजूरी दर्ता गराएका थिए।

सांसद यादवले दिएको उजुरी दर्ता

यसैबीच सांसद यादवले दिएको अपहरणको जाहेरी जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले सोमबार दर्ता गरेको छ। गत मंगलबार नै यादवले कार्यालयमा उजुरी दर्ता गर्न खोजेको भएपनि अध्ययनका लागि भन्दै कार्यालयले समय माग गरेको थियो।

कार्यालयले सोमबार उजुरी दर्ता भएको जानकारी गराएको सांसद डाक्टर यादवले जानकारी दिए। दर्तासँगै छानविन प्रक्रिया पनि अघि बढाइएको कार्यालयले जनाएको छ। उजुरीमा सांसद यादबले आफुलाई नेकपाका सांसद महेश बस्नेत, कृष्णकुमार श्रेष्ठ र पूर्व प्रहरी प्रमुख सर्वेन्द्र खनालले अपहरण गरेको भन्दै कारवाहीको माग गरेका छन्।

यसअघि महानगरीय प्रहरी परिसर टेकुले पनि उजुरी दर्ता गर्न मानेको थिएन। उसले घटना महोत्तरी जिल्लामा भएको भन्दै उजुरी पनि उही दर्ता गर्नुपर्ने अडान राखेको थियो। काठमाडौंबाट गएका सांसदहरु बस्नेत र श्रेष्ठ तथा पूर्व प्रहरी प्रमुख खनालले यादवलाई वैशाख १० गते काठमाडौं ल्याएका थिए।

# राहत वितरणमा झडप, प्रहरीद्वारा हवाई फायर

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, २२ बैशाख

राहत वितरणको क्रममा सिरहाको मिर्चैया नगरपालिका ७ फुलबडियामा स्थानीयबासी र प्रहरीबीच झडप भएको छ। झडपका क्रममा चार जना स्थानीयहरु घाइते भएका छन्। सोमबार राहत वितरण भइरहेका बेला स्थानीयहरुले राहत लिनेको सुचीमा हुने खाने धनीको नाम समाबेश भएको भन्दै राहत वितरणमा अवरोध गर्न थालेपछि झडप भएको हो।



झडपका क्रममा प्रहरीले भीडलाई तितर बितर पार्न ३ राउण्ड हवाई फायर र ६ राउण्ड अश्रुग्यास प्रहार गरेको थियो। झडपका क्रममा चार जना स्थानीयहरु समान्य घाइते भएको र उनीहरुको स्थानीय क्लिनिकमा उपचार भईरहेको स्थानीय रामेश्वर यादवले बताए। मिर्चैया नगरपालिका वडा नम्बर ७ का वडाअध्यक्ष रामकुमार यादवले राहत पाउनेको सुचीमा आफ्ना आसेपासेको नाम मात्रै समावेश गरी राहत वितरण गर्न थालेको भन्दै स्थानीयहरु विरोधमा उत्रेको उनले बताए।

वडा अध्यक्ष यादवले विपन्नहरुको नाममा आफनो मनोमानी ढंगले नमावली संकलन गरेर राहत वितरण गर्न लाग्दा स्थानीयहरुले बिरोध गर्न थालेपछि प्रहरी र स्थानीयबीच झडप भएको यादवको भनाइ थियो।

यता वडाअध्यक्ष यादवले कुनै पूर्वाग्रह नराखी निष्पक्ष तरिकाले वास्तविक विपन्न, गरिब परिवारलाई राहत वितरण गर्न खोज्दा राजनीतिकरुपमा विवाद सृजना गर्न खोजिएको बताएका छन्। यसअघि मिर्चैया नगरपालिकाको अन्य वडाहरुमा पनि राहत वितरण गर्ने क्रममा विवाद भएको थियो।

# लकडाउनमा साढे १० हजार बढी भित्रिए कर्णाली प्रदेशमा

**भिम प्रसाद शर्मा/मध्यान्ह**
सुर्खेत, २२ बैशाख

कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि चैत्र ११ गतेबाट लागु भएको लकडाउनका कारण अलपत्र परेका कर्णाली प्रदेशका १० जिल्लाका १०हजार भन्दा बढी मानिसहरु कर्णाली प्रदेशमा भित्रिएका छन्। अध्ययन, रोजगारी तथा औषधि उपचारको लागि छिमेकी मुलुक भारतलगायत नेपालको बिभिन्न जिल्लाहरुबाट उद्धार गरि लकडाउनको समयमा कर्णाली प्रदेशले १० हजार ६४७ जना मानिसहरु भित्राएको हो।



प्रदेशका १० जिल्लाहरुमध्ये सुर्खेतमा १ हजार २२८ जना, दैलेखमा १ हजार १५२ जना, जाजरकोटमा १ हजार २४ जना, सल्यानमा २१४ जना, पश्चिम रुकुममा ४१५ जना, जुम्लामा १ हजार ५४४ जना, कालिकोटमा २ हजार ६७४ जना, मुगुमा १ हजार ३५१ जना, डोल्पामा ६६१ जना र हुम्लामा ३०४ जना गरी बैशाख २१ गतेसम्ममा कर्णाली प्रदेशमा १० हजार ६४७ जना मानिहरु भित्रिएका हुन्। जसमध्ये पिसिआर टेष्ट ३५८ जनामा, र आरडिटी टेष्ट १४३४ जनामा गरिएको छ।

यस अवधिमा कर्णाली प्रदेशमा १ हजार ८३४ जनालाई क्वारिन्टाइनमा राखिएको थियो। क्वारिन्टाइनमा राखिएका मध्ये ६५१ जना घर फिर्ता गएका जिल्ला प्रहरी कार्यालय सुर्खेतका सुचना अधिकारी प्रहरी निरीक्षक गोपाल रायमाझीले मध्यान्हलाई बताए।

# रोटरी क्लव गोंगबुद्वारा विपन्न परिवारलाई राहत वितरण



**काठमाडौं/मस-** विश्व महामारीको रुपमा फैलिरहेको नोबल कोरोना भाइरस (कोभिड (१९) ले सृजना गराएको विषम परिस्थितिमा पुरै देश लकडाउन लम्बिएको अवस्थामा सबैभन्दा ठुलो असर दैनिक ज्यालादारी गरी जिबिकोपार्जन गर्ने मजदुर तथा विपन्न वर्गलाई परेको छ। यो अवस्थालाई महशुस गरी रोटरी क्लब अफ गाँगबुले संस्थागत सहयोग स्वरुप केहि विपन्न तथा मजदुर परिवारलाई राहत सहयोग वितरण गरेको छ।

यो क्लवले टोखा नगरपालिका, वडा नं. ६, तार्केश्वर नगरपालिका वडा नं. २, ४, ५ र ६ साथै काठमाडौं महानगरपालिका वडा नं.१० मा बसोबास गर्ने करीब ९५ परिवारलाई खाद्यान्न सामग्री बितरण गरेको हो। क्लवले शनिवार ती परिवारवाई चामल, दाल, नुन, तेल र हात धुने साबन लगायतका राहत सामग्रीहरु बितरण गरिएको क्लवका प्रेसिडेण्ट महेश बस्नेतले जानकारी दिए।

यस कार्यका लागि रोटरिएन दिलिप मगर, महेश बस्नेत, कविता मानन्धर, सुदीप बस्नेत, तैलेन्द्र आचार्य, अमृत खनाल, अभिनाष तिवारी, रोटरिएन अन्जु श्रेष्ठ, दिनेश बस्नेत, महेश्वर मान सिंह बस्नेत, कमल पौडेल, हरेराम लामिछाने, कृष्ण प्रसाद बजगाईं, नानिराम फुयाल, खेम पराजुली, निर्मलप्रसाद न्यौपाने, राजाराम फुयाल, पवन फुयाल, भीमकुमार ओझा, अनिमेश श्रेष्ठ, विनोद कार्की, धर्मराज थापा मगर, रामशरण पौडेल, मिना केसी, गोमा केसीलगायत समाजसेवीहरुको सहयोग रहेको थियो। क्लवले यस सामाजिक कार्यमा मनै देखि सहयोग गर्ने सम्पूर्ण रोटरिएनप्रति धन्यबाद ज्ञापन गरेको छ।

# राष्ट्रिय आविस्कार केन्द्रलाई रुक्मांगद कटवाल ट्रष्टको सहयोग

**मुना न्यौपाने/मध्यान्ह**
काठमाडौं, २२ बैशाख

डा. महावीर पुनद्वारा स्थापना गरिएको राष्ट्रिय आविस्कार केन्द्र नेपाललाई रुक्माङ्गद कटवाल ट्रस्टले आर्थिक सहयोग गरेको छ। ट्रष्टले आविस्कार केन्द्रलाई आइतबार एक लाख रुपैया प्रदान गरेको ट्रस्टले जनाएको हो।




शिक्षा, स्वास्थ्य, गरिबी निवारण, विपद् व्यवस्थापन राष्ट्र, राष्ट्रियता र अन्य सामाजिक कार्यहरु विगत ७ वर्षदेखि गर्दै आइरहेको परोपकारी संस्था उक्त ट्रष्टले देशको सर्वाङ्गिण विकासका लागि कठिन परिस्थितिका वावजूत दिन रात खटिरहेको केन्द्रलाई सहयोग गरिएकोमा खुशी व्यक्त गरेको छ।

आविस्कार केन्द्रले हाल विश्वभर सन्त्रासको रुपमा फैलिएको कोभिड-१९ को महामारीमा पिपिइलगायतका सामग्रीहरु निर्माण कार्यमा खेलेको भूमिका प्रसंशनीय रहेको भन्दै ट्रष्टका अध्यक्ष पूर्व प्रधानसेनापति रुक्माङ्गत कटवालले धन्यवाद ज्ञापन गरे।

हाल ट्रष्टले देशभरका आर्थिक अवस्था कमजोर भएका असहाय, अपाङ्ग तथा सीमान्तकृत वर्गका ५३ जना विद्यार्थीहरुलाई प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययनका लागि पूर्ण छात्रवृत्ति प्रदान गरेको ट्रष्टका सचिव जगतबहादुर कटवालले जानकारी दिए।

# डेंगुका बिरामी फेला

**म्याग्दी/मस-** म्याग्दीमा डेंगु संक्रमणको उच्च जोखिम देखिएको छ। बेनी नगरपालिकामा तीन दिनकोबीचमा तीन जना डेंगु संक्रमित भेटिएका हुन्। बेनी अस्पतालमा बैशाख १८ गते २१ गतेसम्म दुई महिला र एक पुरुषमा संक्रमण भेटिएको हो।

तिमध्ये एक महिला उपचारपछि घर फर्केकी छिन भने दुई जनाको अस्पतालमा उपचार भइरहेको छ। यसभन्दा अगाडी २ जना डेंगु संक्रमित भेटिएको थियो। बैशाख महिनामा ४ जना डेंगु संक्रमित भेटिएका छन्।

गत माघ २ गते अन्नपुर्ण गाउँपालिका कि एक महिला र बैशाख ९ गते मंगला गाउँपालिका एक पुरुषमा डेंगु देखिएको थियो। गत आर्थिक बर्षमा २०७५र७६ मा म्याग्दीमा १३ जना संक्रमित भेटिएको बेनी अस्पतालले जनाएको छ। सदरमुकाम बेनी बजारसहित बाक्लो बस्ती रहेको ठाउँमा उच्च जोखिम रहेकोले लामखुट्टे टोकाईबाट बच्ने उपाय अपनाउन बेनी अस्पतालले आग्रह गरेको छ। यस्तै स्याङ्जाको वालिङमा पनि डेंगुका बिरामी फेला परेका छन्। पोखरास्थित गण्डकी मेडिकल कलेजमा आइतबार वालिङ- ८ का ७० वर्षीय एक पुरुषको रगतको परीक्षण गर्दा डेंगुको संक्रमण पुष्टि भएको वालिङ नगरपालिका स्वास्थ्य शाखा प्रमुख कमलप्रसाद पाण्डेले बताए। उनको स्वास्थ्य अवस्था सामान्य रहेको छ।

डेंगुका बिरामी फेला परेसँगै वालिङ नगरपालिकाले यो रोग नियन्त्रणका लागि छिट्टै 'लार्भाको खोजी र नष्ट गर्ने अभियान' थाल्ने तयारीमा रहेको वालिङ नगरपालिकाका प्रमुख दिलीपप्रताप खाँणले बताए। 'यो भाइरसबाट सर्ने रोग भएको हुँदा यसको उपचार छैन पूर्वसावधानी नै महत्वपूर्ण हुन्छ,' उनले भने, 'यो रोग सर्नुका कारण, यसका लक्षण तथा यसबाट बच्न अपनाउन सकिने उपायबारेमा नगरवासीलाई सचेतना जगाउनका लागि प्रचारात्मक अभियान चलाउँछौं।'

# म्याद गुज्रेको ३० बोरा मैदासहित व्यापारी पक्राउ

**सिरहा/मस-** सिरहाको लहान बजारबाट म्याद गुज्रेको मैदा विक्री गरिरहेको अवस्थामा एक जना व्यापारीलाई पक्राउ गरिएको छ। लहान बजारस्थित मून्द्र इन्टरप्राइजेजमा म्याद गुज्रेको मैदा बिक्री वितरण भइरहेको सुराकीको आधारमा इलाका प्रशासन कार्यालय लहानका प्रमुख उपसचिव कमलराज भण्डारीको नेतृत्वमा गएको अनुगमन समितले म्याद गुज्रेको ३० बोरा मैदासहित इन्टरप्राइजेजका प्रोपराइटर पवन मून्द्रलाई नियन्त्रण लिएको राष्ट्रिय उपभोक्ता मञ्च सिरहाका अध्यक्ष रमानन्द गुप्ताले जानकारी दिए। उक्त अनुगमनमा इलका प्रशासन कार्यालयका प्रमुख तथा अनुगमन समितिका संयोजक उपसचिव भण्डारी, घरेलु तथा साना उद्योग कार्यालय लहानका प्रमुख दिपेन्द्र कुमार यादव, राष्ट्रिय उपभोक्ता मञ्चका सिरहा जिल्ला अध्यक्ष रमानन्द गुप्ता, जिल्ला उधोग वाणिज्य संघ लहानका प्रतिनिधि, इलाका प्रहरी कार्यालय लहानका डिएसपी, सशस्त्र प्रहरी वेस क्याम्प लहानका डिएसपीलगायतको सहभागिता रहेको थियो।



त्यस्तै शनिबार सदरमुकाम सिरहामा प्याकेट चियापत्तीलाई खुल्ला बनाएर बिक्री गरीरहेका एक व्यापारीलाई पक्राउ गरिएको थियो। सदरमुकाम सिरहा बजारमा रहेको न्यू पवन इम्पोरियममा प्याकेटमा रहेका चियापत्तीलाई खुल्ला बनाएर बिक्री वितरण गरिरहेको अवस्थामा पक्राउ गरिएको हो।

प्याकेटमा रहेको चियापत्तीलाई प्याकेट फुटाई खुल्ला बिक्री गरिरहेको अवस्थामा उक्त इम्पोरियका संचालकलाई पक्राउ गरि जिल्ला प्रहरी कार्यालय सिरहाले पछि तारेखमा छोडेको हो।

# लागुऔषधसहित पाँच जना पक्राउ

**गौरीशंकर जयसवाल/मध्यान्ह**
परासी, २२ बैशाख

पश्चिम नवलपरासीमा लकडाउनको मौका छोपेर लागुऔषध तस्कारहरुको सक्रियता बढेको पाइएको छ। जिल्लामा खुल्ला सीमाका कारण लकडाउनको मौका छोपि लागुऔषध कारोबार गर्ने तस्कारहरुको सक्रियता बढेको पाइएको हो। सरकारले भारतमा कोरोना संक्रमण फैलिनासाथ गरेको लकडाउन र सीमा क्षेत्रमा निगरानी बढाएपनि लागुऔषध करोबार गर्ने गिरोहको सक्रियता घटन सकेको छैन। सरकारले सीमानाका क्षेत्रमा नेपाल प्रहरी र सशस्त्र प्रहरी खटाए पनि जिल्लामा खुल्ला सीमाना भएकोले रातको समयमा लागुऔषध कारोबारी सक्रिय हुन थालेको पाइएको छ।

जिल्ला प्रहरी कार्यालयका कार्यबहक एसपी बिरेन्द्र कुमार थापाले लागुऔषध कारोबार गर्ने तस्कारहरुले जिल्लामा खुल्ला सीमानाका भएको कारण र रातको समयमा तस्कारहरु सक्रिय देखिएको बताए। उनले लागुऔषध तस्कारहरुले रातको समयमा खेतको बाटो प्रयोग गर्ने गरेकोले सीमानाकामा सुरक्षा गर्न खटिएको नेपाल प्रहरी र सशस्त्र प्रहरी रोक्न चूनौती रहेको बताए। पछिल्लो समयमा सीमानाकामा सुरक्षाको लागि खटिएका नेपाल प्रहरी र सशस्त्र प्रहरीहरुले सक्रियता बढाएको कार्यबहक एसपी थापाले बताए।

यस्तै नवलपरासी प्रहरीले लागुऔषध कारोबार गरेको अभियोगमा केहिलाई पक्राउ गरेको छ। प्रहरीले जिल्लाको बिभिन्न ठाउँ र सीमानाकाबाट लागुऔषध कारोबारी पाँच जनालाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा रामग्राम नगरपालिकाको वडा नं. १० बस्ने ४५ बर्षीया मिना कुर्मी,सोही ठाउँका २२ बर्षीय नरेश कुर्मी, २४ बर्षीय मुकेश कुमी र रामग्राम नगरपालिका वडा नं. ६ पोखारापाली बस्ने ४५ वर्षीय प्रेम अग्रहरी रहेको कार्यबहक एसपी थापाले जानकारी दिए। पक्राउ परेका कुर्मीत्रय एकै परिवारका भएको पनि प्रहरीले जानएको छ।

जिल्ला प्रहरी कार्यालय परासीबाट खटिएको टोलीले तीनीहरुको घरमा खानतालिसी गर्दा ७ सय ग्राम गाँजा बरामद भएको प्रहरीले जनाएको छ।

त्यस्तै जिल्ला प्रहरी कार्यालयबाट खटिएका प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा रामग्राम नगरपालिकाको वडा नं. १२ पचँगावाबाट लागुऔषधसहित अर्का एक जनालाई पनि पक्राउ गरेको छ। पक्राउ पर्नेमा चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १० बस्मे बर्ष ३४ का भगवल घले रहेको प्रहरीले जनाएको छ।

भरतबाट नेपाल भित्र्याउन झोलामा लुकाएर ल्याउँदै गरेको अवस्थामा प्रहरीले चेकजाँच गर्दा घलेको साथबाट नुफिन १५० एम्फुल डाइजेपाम १५० एम्पुल, फेनार्गन १५० एम्पुल बरामद भएको थापाले जानकारी दिए। पक्राउ परेका पाँच जनालाई लागुऔषध अभियोगमा मुद्दा दर्ता गरी अनुसान्धन कार्य भइरहेको प्रहरीले जनाएको छ।

## नेपालगञ्जमा...

थियो। तर भारतबाट मानिसहरु आउने क्रम भने रोकिएन। बाँकेको जमुनाह नाकामा पनि सोहि दिन ५ सय भन्दा वढि मानिस भएका थिए। भारतमा पनि लकडाउन भएपनि विभिन्न कामले भारतमा गएकाहरु फर्कनेक्रम निरन्तर चलिरहेको थियो। यस्तो अवस्थामा नामा आईपुगेका नेपालीहरुलाई स्थानीय प्रशासन र नेपालगञ्ज उपमहानगरपालिकाले उद्दार गरेको थियो। उनीहरुलाई महेन्द्र बहुमुखी क्याम्पसमा राखिएको थियो। तर त्यहँ बस्ने खाने राम्रो व्यवस्था नभएको भन्दै आधा जति मानिसहरु भागेको स्थानियले बताएका छन्। उनीहरुलाई वस्नका लागि समस्या भएपछि नगरपालिकाले मेस संचालन गर्ने निर्णय गरेको थियो। तर, त्यसको चर्को विरोध भएपछि पटि हटेको थियो। यसरी त्यो समुहबाट भाग्ने मध्येका उनि मौजिन अर्थातहिलो संक्रमित व्यक्ति थिए। यद्यपि उनलाई कहाबाट कोरोना संक्रमण भयो भन्ने पत्ता लागेको छैन्। तर उनको कन्ट्याक ट्रेसिङका क्रममा परिवारका सदस्य, आफन्त र महेन्द्र पार्कको मुस्लिम बस्तीका ९० जनाको थ्रोट स्वाब संकलन परिक्षण गर्दा ६९ वटा नमुनाको नतिजा आउदा १५ जनामा कोरोना पोजेटिभ देखिएको हो।

## नजिकिए...

गौतमले प्रतिनिधिसभामा जाने बातावरणको निर्णय गराउन सफल भए। तर, नेता नेपालका लागि प्रस्ताव गरिएको अध्यक्ष पद समेत अस्वीकार गरिएको छ। यसले नेकपाभित्र नयाँ किसिमको समिकरण बनेको देखिन्छ। जसमा, ओली र दाहाल फेरि एक ठाउँ उभिने संभावना बढी छ।

## वैदेशिक....

२०६१ सालमा इराकमा १२ जना नेपाली कामदार मारिएको घटनापछिको असहज अवस्थामा तत्कालीन सरकारले व्यवसाय चलाउन एक वर्षका लागि धरौटी चलाउन दिएको घटनालाई स्मरण गराएको छ।

त्यस्तै संघले व्यवसायीहरुले तिर्नुपर्ने बहाल कर, आय कर र व्यवसाय कर लगायत राजस्वमा छुट दिनुपर्ने, व्यवसायीहरुले लिएको व्याजमा छुट वा अनुदान दिनुपर्ने र चैत मसान्तसम्म तिर्न नपाएको व्याजलाई साँवामा पुँजीकृत गरी असार मसान्तसम्म व्याज तिर्दा व्याजमा हर्जना तिर्नुनपर्ने व्यवस्था गरिनुपर्ने, भाका नाघेको ऋण तिर्ने अवधि एकवर्ष थप गरिनुपर्ने पनि संघले माग गरेको छ। संघले कोरोना भाइरस संक्रमणको कारण उत्पन्न जटिल परिस्थितिमा मन्त्री र मन्त्रालयले अगाडि बढाएका कदमहरु परिणाममुखी बनाउन संघले सबै प्रकारले सहयोग गर्ने प्रतिवद्धता समेत जनाएको छ।

ज्ञापनपत्र बुझाउन नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोशिएसनका अध्यक्ष नरेन्द्रप्रसाद ढकाल, प्रगतिशिल वैदेशिक रोजगार व्यवसायी मञ्चका वरिष्ठ उपाध्यक्ष राजेन्द्र भण्डारी, तराई मधेश वैदेशिक रोजगार व्यवसायी मञ्चका अध्यक्ष शितल यादव, संघका तृतीय उपाध्यक्ष किशोर केसी, महासचिव सुजित श्रेष्ठ, सचिव मेघनाथ भुर्तेल लगायतका व्यवसायीहरु मन्त्रालय गएका थिए।

त्यसअवसरमा मन्त्री यादवले वैदेशिक रोजगारका क्षेत्रमा सकेसम्म न्यून क्षति होस् भनी आफुले गृहकार्य गरिरहेको जानकारी दिँदै व्यवसायीहरुलाई राहत दिने विषयमा मन्त्रिषरिषद्बाट ठोस् निर्णय गराउने आश्वासन दिएका थिए।

एशोशिएसनका अध्यक्ष ढकालले प्रतिकुल अवस्थामा रहेका वैदेशिक रोजगार व्यवसायीहरुलाई व्यवसाय सञ्चालन गर्न ५० लाख नगद धरौटी एक वर्षका लागि फिर्ता दिनुपर्ने माग सबै व्यवसायीको रहेको भन्दै यसको कार्यान्वयनका लागि सबै व्यवसायीहरुले आ-आफ्नो क्षेत्रबाट पहल गर्नुपर्ने बताए। एशोशिएसनले कोरोना भाइरसको सक्रमण बढेदेखि नै संकटमा परेका व्यवसायीहरुलाई कार्यालय सञ्चालन तथा बजार प्रवर्द्धनका लागि ५० लाख धरौटी एक वर्षका लागि फिर्ता गरिनुपर्ने माग राख्दै आएको अवस्थामा व्यवसायीहरुको छातासंस्था संघबाट संस्थागत निर्णय गरी सरकारसमक्ष माग राखिनु स्वागत योग्य रहेको बताए।

## कति....

यसअघि बैशाख १८ गते समाजद्वारा आयोजित अन्तरक्रियामा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा गठित कोरोना व्यवस्थापन समितिका संयोजक वैदेशिक रोजगार विभागका महानिर्देशक कुमार दाहालले २ लाख १८ हजार नेपालीलाई घर फर्काउने अवस्था आंकलन गरिएको बताएका थिए। खाडीका ६ मुलुक र मलेसियामा गरी करिब २१ लाख नेपाली रहेको अनुमान गरिएको पनि महानिर्देशक दाहालको भनाइ थियो।

विभागले सहज अवस्थामा दैनिक दुई हजार नेपालीलाई वैदेशिक रोजगारका लागि श्रम स्वीकृति दिने गरेको थियो। लकडाउन पछिको ४२ दिनको हिसाव गर्ने हो भने ८४ हजार नाघेको छ। त्यसमा अवैध रुपमा बसेका नेपालीहरुको संख्या पनि रहेको छ। उता साउदी अरब, कुवेत, यूएई लगायतका देशमा कोरोना भाइरसको संक्रमणले त्यहाँ रहेका नेपाली समुदायमाहरुमा गम्भीर प्रभाव पार्दै लगेको देखिएको छ। जसले नेपालीहरुलाई गन्तव्य मुलुक छोड्न दवाव दिइरहेको छ। तर, त्रासका कारण बसीरहेको स्थान छोड्नु थप जोखिमपूर्ण हुने भन्दै डा. ओममुर्ति अनिलले सकेसम्म यथाअवस्थामा बस्नु नै बुद्धिमानी हुने समाजको अन्तरक्रियामा बताए।

# ‘कुरा धेरै काम थोरै’

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २२ वैशाख






‘चेन्ज एन्फाको नारा’ लगाएर अखिल नेपाल फुटबल संघको नयाँ नेतृत्व आएको पनि २ वर्ष पुरा भएको छ। २०७५ वैशाख २२ गते वर्तमान कर्माछिरिङ शेर्पा नेतृत्वको एन्फा आएको थियो। झण्डै २ दशकदेखि नेतृत्वमा रहेका गणेश थापाको बर्चश्व तोड्दै विपक्षीहरुले एन्फाको कार्यसमितिमा पकड जमाएका थिए। थापा फिफाको प्रतिबन्धमा परेपछि उनी समर्थक मणी कुँवरलाई पराजित गर्दै शेर्पा नेतृत्वमा आएका थिए।

आर्थिक र नीतिगत पारदर्शीता, उपलब्धीमूलक योजना कार्यान्वयन र राष्ट्रिय टोलीको स्तरोन्नत्ति नै अहिलेको एन्फा नेतृत्वको चुनावी नारा थियो। २ वर्षको अवधि परिवर्तनका लागि निकै धेरै समय हो। अन्तर्रष्ट्रिय महासंघहरु विश्व फुटबल महासंघ फिफा र एसियाली फुटबल महासंघ एएफसीबाट प्रत्यक्ष आर्थिक सहयोगमा निर्भर रहेको एन्फाले ती सहयोगहरु उत्पादनमूलक क्षेत्रमा लगानी गरेर पूर्वाधारमा छलाङ मार्ने अपेक्षा लामो समयदेखि धेरैले गरेका थिए।

गणेश थापाको पालादेखि नै नेपाली फुटबलमा आउने बाह्य सहयोगको उचित उपयोग नभएको आरोप लाग्ने गरेकै थियो। कर्मा नेतृत्वको एन्फाले आर्थिक नियमावली, प्रतियोगिता नियमावली, ग्रासरुट कार्यक्रम, महिला फुटबल एकेडेमी र महिला फुटबलमा लगानी बढाउने निर्णय गरी एन्फामा परिवर्तनको सुरुआत गरेकै हो।

तर २ वर्षको समयमा संघभित्रको गुटगत स्वार्थ, कमिसनको खेल तथा नेतृत्वमाथि उत्तरदायी नहुनुले सुरुआत गरिएका कार्यक्रमहरुको प्रतिफल आशातीत हुन सकिरहेको छैन। एन्फाका पदाधिकारीमाथि कमिसन, नीतिगत भ्रस्टाचार, नाताबाद लगायतका आरोपहरु लाग्न थालेको छ। त्यस्ता आरोपहरु अरु कसैले होइन, परिवर्तनको नारा दिएर भएको आन्दोलनमा कर्मालाई साथ दिनेहरुबाटै सार्वजनिक हुन थालेको छ।

५ वर्षपछि ए डिभिजन लिग सुरु गरे पनि रेलिगेसनबिनाको लिग सन्चालन गरेकोमा एन्फाको बिरोध गत वर्ष नै भएको थियो। यस वर्ष रेलिगेसनको व्यवस्थासहित लिग सन्चालन भए पनि लिगको खेलका परदर्शीतामा धेरै प्रश्नहरु उठे। अध्यक्ष र उपाध्यक्षको क्लबका खेलाडीहरु नै खेल मिलेमतोमा संग्लग्न रहेका आरोपहरु लाग्यो।

एन्फाले फिफाको सहयोगबाट रौतहटमा निर्माण गर्न लागेको नेपालकै पहिलो महिला एकेडेमी पनि विवादरहित बन्न सकेन। वनको जग्गामा संरचना बनाउन लागेको भन्दै बिरोध सुरु भए पनि स्थानीयको सक्रियतामा संरचनाको निर्माण सम्पन्न भएको छ। तर सन्चालन हुन सकेको छैन। एन्फाले ६ महिनामा एकेडेमी सन्चालन गर्ने दावी गरेको पनि १ वर्ष वितिसकेको छ।

चुनावका बेला सहयोग गर्ने पदाधिकारीहरु अहिले नेतृत्वप्रति असन्तुष्ट देखिएका छन्। अन्तर्राष्ट्रिय सल्लाहकार नवीन पाण्डेले आफ्नो जिम्मेबारी छोडिसकेका छन्। वरिष्ठ उपाध्यक्ष पंकज नेम्वाङले पनि कार्यसमिति बैठकका निर्णयहरुमा ‘नोट अफ डिसेन्ट’ लेख्न थालेका छन्।

२ वर्षे कार्यकालमा एन्फाले सन्चालन गरेको सबैभन्दा प्रभावकारी र नतिजामुखी मानिएको ग्रासरुट कार्यक्रमको प्रतिफल अहिलेसम्म देखिएको छैन। उपाध्यक्ष तथा प्रशिक्षक उपेन्द्र मान सिंहले जिम्मेबारी पाएको ग्रासरुट कार्यक्रमले देशभर १ हजारभन्दा बढी बालबालिका लावान्वित भएको बताइएको छ। ग्रासरुट कार्यक्रमअन्तर्गत प्रशिक्षण लिएका बालबालिका भविश्यका राष्ट्रिय खेलाडी हुन सक्छन्। उनीहरुको संरक्षणमा सन्चालित कार्यक्रमको प्रभावकारीता देखिएको छैन।


४ वर्षे कार्यकालको आधा समय बित्दा एन्फाको कार्यसमिति एकपछि अर्को विवादमा फसिरहेको छ। यसले कर्मालाई चारवर्षे कार्यकाल सम्पन्न गर्न धौ-धौ पर्न सक्छ। एएफसीले क्लब लाइसेनिङका लागि बारम्बार ताकेता गर्दा पनि कार्यान्वयन हुन नसक्नु र नेपालका कुनै पनि क्लबले लाइसेन्स नपाउनुले क्लबस्तरको एसियाली प्रतियोगितामा नेपाल सहभागी हुन नपाउने निश्चित छ। क्लबलाई आत्मनिर्भर बनाउन एन्फाले प्रभावकारी कार्यक्रम ल्याउन सकेको छैन। बिद्यालयस्तरको फुटबल गतिविधि पुरानै ढर्राबाट चलिरहेको छ।

एन्फाले गत बर्षदेखि नयाँ नेतृत्व आएको मौका पारेर बैशाख २२ गते एन्फा दिवस समेत मनाउन पनि थालेको थियो। स्थापना दिवशका दिन एन्फाले बिभिन्न कार्यक्रम आयोजना गर्ने योजना बनाएको थियो। तर यो बर्ष कोरोना भाइरस (कोभिड-१९) को महामारीका कारण एन्फाका सबै कार्यक्रम बन्द रहरेकाले स्थापना दिवश पनि छायाँमा परेको छ। एन्फाले स्थापना दिवसका दिन कुनै कार्यक्रम राखेन। गत महिना देखि एन्फाले कोरोनाका कारण सबै फुटबल गतिविधि रोकेको छ भने, आफ्ना भौतिक पर्वाधार समेत क्वारेनटाईनका लागि प्रयोग गर्न दिएको छ।

कोरोनाको त्रास हटेपछि एन्फाका रोकिएका सबै कार्यक्रमलाई एकएक गर्दै अघि बढाउने योजना रहेको एन्फा प्रवक्ता किरण राईले जानकारी दिए। गत वर्ष होटेलमा भव्य कार्यक्रम गरेर एन्फा दिवस मनाए पछि विपक्षीले भने चर्को आलोचना गरेका थिए।

# भारतको औद्योगिक उत्पादनमा व्यापक गिरावट

**नयाँ दिल्ली, एजेन्सी–** कोरोनाभाइरस रोकथामका लागि मुलुकलाई लकडाउन गरिएका कारण भारतमा गत अप्रिल महिनामा समग्र औद्योगिक उत्पादनमा भारी गिरावट आएको छ। लकडाउनका कारण भारतका अधिकांश उद्योग प्रतिष्ठानहरू बन्द गरिएपछि यस्तो अवस्था सिर्जना भएको हो।



मागमा व्यापक कमी आएपछि नयाँ व्यवसायहरू यस अवधिमा शुरु हुन पाएका छैनन् भने हाल सञ्चालनमा रहेका उद्योग व्यवसायबाट पनि व्यापक मात्रामा कर्मचारी कटौती गरिएका छन्।

यहीबीच, उत्पादित वस्तुको मागलाई यथावत राख्न उद्योग प्रतिष्ठानहरूले लागत खर्च र उत्पादित सामग्रीको मूल्यमा पनि निकै कमी ल्याएका छन्।

मार्च महिनामा ५१.८ विन्दुमा रहेको आइएचएस मार्किट इन्डिया म्यानुफ्याक्चरिङ पिएमआई अप्रिल महिनामा झण्डै आधाले घटेर २७.४ विन्दुमा झरेको छ। भारतमा मासिक पिएमआई गणना विगत १५ वर्षदेखिको तथ्याँक विश्लेषणका आधारमा हुने गरेको छ।

पिएमआई गणनामा समाविष्ट विज्ञहरूको समूहले कलकारखानाहरू अस्थायी रुपमा बन्द गरिएका कारण उत्पादनमै कमी आएको बताएको छ।

कलकारखाना र व्यवसायहरू सबैजसो बन्द गरिएका कारण अप्रिल महिनामा मागमा नराम्रो असर परेको हो। विगत अढाई वर्षयता पहिलोपटक नयाँ मागमा गिरावट आएको छ। भारतीय औद्योगिक सर्भेमै पहिलो पटक सबैभन्दा तिब्र गतिमा मागमा कमी आएको हो।

अप्रिल महिनामा अन्तर्राष्ट्रिय क्षेत्रबाट पनि मागमा व्यापक कमी आएको छ। सन् २०१७ यता विदेश निर्यातमा पहिलोपटक सबैभन्दा कमजोर स्थिति देखिएको छ। मागमा कमी आएसँगै अप्रिलमा व्यापक कर्मचारी कटौती भएको छ।

भारतीय आइएचएस पिएमआई भारतीय औद्योगिक क्षेत्रको सूचना विश्लेषण गर्ने प्रमुख सूचक हो।

# दक्षिण कोरियाली विद्यार्थी छिट्टै विद्यालय फर्कने

**सोल, एजेन्सी–** दक्षिण कोरियाले विद्यायलहरूलाई आ-आफ्ना विद्यार्थीहरू फिर्ता बोलाउने अनुमति दिने बताइएको छ। देशमा कोरोना भाइरसको प्रकोप घट्दै गएकोले अर्को हप्तादेखि देशका विद्यालयहरू पुनः सञ्चालनमा ल्याइने जनाइएको छ। कोरोनाभाइरसको प्रकोप घट्दै गइरहेकोले मे १३ बाट उच्च माध्यामिक विद्यालयका विद्यार्थीहरू र मे २० बाट निम्न माध्यामिक स्तरका विद्यार्थीहरूलाई विद्यालयमा आउने अनुमति दिइने शिक्षामन्त्री यो इअन हाएले सोमबार बताएका छन्। दक्षिण कोरियामा कोरोना भाइरस फैलिएपछि करिव ५४ लाख विद्यार्थीहरूले गत अप्रिल ९ देखि अनलाइन कक्षा लिइरहेका छन्।



दक्षिण कोरियाको हालका हप्ताहरूमा कोरोना भाइरसको प्रकोप निरन्तर रुपमा घटिरहेको छ। अधिकारीहरूले समाजिक दूरी नियमहरूमा पालाना गर्न सर्वसाधारणलाई आग्रह गरिरहेका छन्।

करिब एक हप्ता अगाडी दक्षिण कोरियाले आठ थप भाइरस संक्रमित भेटिएपछि १० हजार ८०० जनामा कोरोना भाइरस सक्रमण देखिएको छ। यस कोरोना भाइरस संक्रमणबाट दक्षिण कोरियामा २५२ जनाको मृत्यु भएको थियो।

# भारतमा मदिरा पसल खुले

**नयाँ दिल्ली, एजेन्सी–** कोरोना भाइरस महामारीको संक्रमण रोक्नका लागि भारत सरकारले लगाएको लकडाउन केही खुकुल्लो पारेको छ। यसैबीचमा भारतको केन्द्रीय गृह मन्त्रालयले लकडाउन खुकुल्लो पार्ने नीतिअन्तर्गत मदिरा पसल खोल्न पनि अनुमित दिएको छ। भारतका देशभरमा मदिराका पसल खोल्ने छुट दिएपछि मानिसहरूमा उत्साहित बनेका छन्। बिहानैदेखि नै मानिसहरू मदिरा पसलमा भीड लागेको छन्।



दिल्ली सरकारद्वारा मदिरा बिक्रिका लागि अनुमति दिएपछि लक्ष्मी नगरमा एक मदिरा पसल बाहिर मानिसहरू लामो लाइनमा देखिएका छन्। दिल्लीका सबै जिल्लाहरू कोरोना भाइरसका रेड जोनमा राखिएको छ। तैपनि मदिरा पसलहरू खुल्ला गरिएको छ।

कर्नाटक राज्यमा पनि बिहान ९ बजेदेखि बेलुका ७ बजेसम्मका लाथि मदिरा पसल खुल्ला गरिएका छ। त्यहाँ पनि बिहान ७ बजेदेखि नै मानिसहरूको लाइन लागेको छ। छत्तीसगढको रायपुरमा पनि मदिराका पसल खुल्ला गरिएको छ।

# वारेन वफेटले विमान कम्पनीको सबै शेयर बेच्ने

**न्युयोर्क, एजेन्सी–** अर्बपति व्यापारी वारेन बफेटले आफ्नो कम्पनी बर्कशायर ह्याथअवेले अमेरिकाका चारवटा सबैभन्दा ठूला विमान कम्पनीमा रहेको आफ्नो सबै शेयर बिक्री गरेको बताएका छन्। शेयर होल्डरको वार्षिक बैठकमा बफेटले कोरोना भाइरसका कारण संसारमा केही प्रकारका ठूला परिवर्तन आएको बताए। कोरोना महामारीका कारण यसवर्ष अनलाइन बैठक भएको हो। सो बैठकमा उनले एयरलाइन्स कम्पनीमा लगानी गर्ने आफ्नो निर्णय गलत भएको समेत बताए।



रोयटर्सका अनुसार बफेटको सो भनाई आउनुभन्दा ठीक अघि उनको कम्पनी बर्कशायर ह्याथअवेले पहिलो तीन महिलामा रेकर्ड ५० अरब डलर घाटा भएका घोषणा गरेको थियो। कम्पनीको वार्षिक रिपोर्ट र कम्पनी फायलिङका अनुसार वारेन बफेटले अमेरिकाका चार ठूला एयरलाइन्स कम्पनीमा लगानी गरेका थिए।

# क्लबलाई प्रशिक्षण गर्न अनुमति




काठमाडौं, एजेन्सी-इटालियन सरकारले शीर्ष डिभिजन लिग फुटबल सिरी ए क्लबहरुका लागि प्रशिक्षण अनुमती दिएको छ। विश्वभरी महामारीको रुपमा फैलिएको (कोरोना भाइरस (कोभिड-१९) को संक्रमणका कारण रोकिएको लिग फेरि सुरुगर्ने तयारी हुँदैगर्दा सहजताका लागि सरकारले व्यक्तिगत अभ्यासका लागि अनुमती दिएको हो।

सिरी ए गत मार्च महिनामा स्थगित भएको थियो। इटालीमा भयावह बनेर फेलिएको कोरोनाको संकट समाधान नभए सम्म फुटबल गतिविधि रोक्न सरकारले कडा निर्देशन दिएको थियो। ‘अहिले देशमा कोरोनाको संकट बिस्तारै समाधान हुँदैछ, त्यसैले सरकारले फुटबल पनि सुरुगर्ने योजना बनाएको छ। त्यसकै परिणामस्वरुप सरकारले अभ्यासका लाग क्लबलाई अनुमती प्रदान गरेको छ।’

खेलकुद मन्त्री भिनसेन्जो स्पाडाफोराको निर्णय अनुसार सरकारले सिरी ए प्रशिक्षण मे ४ बाट खेलाडीहरुबीच सामाजिक दुरी कायम राखेर सञ्चालनमा ल्याउने छ। सबै टोलीको सहभागितामा हुने प्रशिक्षण भने अबको २ हप्ता पछि मात्र हुनेछ।

टोलीहरुले प्रशिक्षण सुरु गरेता पनि लिग कहिलेबाट सुरु हुने भन्ने अझै टुङ्गो लागेको छैन। सिरी ए माअब कुल १२ चरणका खेल बाँकी छन्।

# जापानले आपत्‌काल थप एक महिना लम्ब्याउने



**टोकियो, एजेन्सी–** जापानी प्रधानमन्त्री सिन्जो आबेले आपत्‌कालको अवधि थप करिब एक महिना लम्ब्याउने तयारी गरेको बताइएको छ। यसअघि यहाँको सरकारले यही मे ६ सम्मका लागि आपतकालको घोषणा गरेको थियो। तर सोमबार यो अवधिलाई लम्ब्याएर कम्तीमा यो महिनाको अन्तिमसम्म पुऱ्याउने योजना प्रधानमन्त्री आबेले बनाएको यहाँका सञ्चारमाध्यमहरूले जनाएका छन्।

जापानको टोकियो सहितका सात प्रान्तमा एक महिना अघि लामो आपतकाल घोषणा गरिएको थियो। सो महिनादिन लामो आपतकाल यही मे ६ तारिखमा सकिन लागेको हो। यसैगरी यसअघि आपतकालको घोषणा गर्दा विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसले पारेको आर्थिक प्रभावबाट बच्न प्रोत्साहनस्वरुप ठूलो आर्थिक प्याकेजको घोषणा समेत यसअघि गरिएको थियो। जापानी प्रधानमन्त्री आबेसँग आइतबार जापानको मन्त्रिपरिषदका प्रमुख सचिव, यहाँका स्वास्थ्यमन्त्री र आर्थिक विकाससम्बन्धी मन्त्रीले भेटवार्ता गरी यस विषयमा परामर्श गरेका थिए। त्यसक्रममा प्रधानमन्त्री र उहाँहरूबीच आगामी बढीमा महिना दिनसम्मका लागि पुनः आपतकालको अवधि लम्ब्याउने विषयमा कुराकानी भएको बुझिएको यहाँका सञ्चारमाध्यमहरूले दिएका छन्। आपतकाल घोषणा गरिएको टोकियो सहितका सात प्रान्तमा जापानको कुल जनसंख्याको करिब ४४ प्रतिशत मानिसहरूको बसोबास रहेको छ। आपतकालको घोषणाले मानिसहरूलाई घरमै बस्न र व्यापार व्यवसाय बन्द गरी मानिसहरूको भीडभाडबाट टाढा रहनका लागि दबाब सिर्जना गर्न सम्बन्धित अधिकारीहरूलाई निर्देशन दिनेछ।

सोमबार जापानमा कोरोना भाइरसका संक्रमितको संख्या बढिरहेको देखिएको छ। सोमबार प्राप्त समाचारमा जापानमा यस भाइरसबाट संक्रमितको संख्या १५ हजार पुगेको देखिएको छ।

यी संक्रमितहरूमध्ये जापानाको राजधानी टोकियोमा मात्र ४ हजार ६०० जना रहेका छन्। यस संक्रमणका कारण यहाँ ५०० भन्दा बढीको ज्यान गएको छ। अधिकारीहरूले यसैकारण जापानमा आपतकालको अवधि थप गरिएको विषयमा घोषणा गर्न लागिएको बताएका छन्।

यसअघि पनि अघिल्लो महिनामात्र जापानमा भाइरसको नयाँ संक्रमित देखिने क्रम बढेकाले उल्लेख्य मात्रामा भाइरस फैलिन सक्ने चेतावनीसँगै जापानले आपतकाल घोषणा गर्ने निर्णय गरेको थियो।

# कुसुमीको उपचारमा सहयोग



**इलाम, मस–** एपिएफ महिला टिमका पूर्व प्रशिक्षक एवम खेलाडी नरकुमार राईकी छोरी कुसुमी राईको उपचार सहयोगार्थ सिंगापुरमा रहेका नेपालीहरुले आर्थिक सहयोग गरेका छन्। ब्लड क्यान्सर पीडित कसुमीको जीवन रक्षाको लागि सिंगापुरका नेपाली लाहूरेहरुले सहयोग गरेका हुन्। यो अभियानमा किरात राई समाज पनि जोडिएको छ। किरात राई समाज सिंगापुर र इलामेली लाहुरे समाजले संकलन गरेको १ लाख ५३ हजार ५ सय रुपैया आज सातदोबाटोमा कुसुमीको परिवारलाई हस्तान्तरण गरिएको छ। सहयोग रकम कुसुमीका बुबा नरकुमारलाई दिईएको छ।

सिंगापुरमा ६५ जना लाहुरे परिवारले संकलन गरेएको १७ हजार २६ सिङ्गापुर डलर (करिब १ लाख ४५ हजार ४ सय ८८ रुपैया), रिटायर्ड सिंगापुर पुलिस कुमार हाङखिमले ५ हजार १२ रुपैया वीरबाहादुर मगरले थप गरेको ३ हजार रुपैया आन हस्तान्तरण गरिएको हो।

११ बर्षिया कसुमी गत मंसिरबाट ब्लड क्यान्सरसंग लडिरहेकी छन्। उनको हाल कान्ति वाल अस्पतालमा उपचार भइरहेको छ। फुटबल क्षेत्रमा ‘नरे दाई’ को नामले परिचित इलामको देउमाई नगरपालिका-३ शान्तिडाँडाका नरकुमारले २०६२ साल देखी २०६८ सालसम्म एपिएफमा खेलाडी र २०६४ सालबाट २०७३ सालसम्म महिला टिमलाई प्रशिक्षकको भुमिका निर्वाह गरेका थिए। त्यसपछि उनी वैदेशीक रोजगारीको लागि गएका थिए।

हालसम्म कसुमीको उपचारमा १४ लाख रुपैया भन्दा बढि खर्च भएको नरकुमारले बताए। कसुमीको उपचारका लागि यसअघि ग्रिन नेपाल एफसी छाङ्वान कोरियाबाट ५१ हजार, मलेसियामा रहेको उत्तम राईको पहलमा ५२ हजार १ सय ४०, एपिएफ महिला टिमबाट ३२ हजार तथा एपिएफ व्याडमिन्टन परिवारबाट ८४ हजार सहयोग प्राप्त भएको छ।

उपचारमा अझै रकम आवश्यक रहेकाले सहयोगी दाताहरुले रिना राईको नाममा सिद्धार्थ बैंक स्वयम्भु शाखामा रहेको खाता नं ०१९१५२६९१४६ मा रकम जम्मा गर्न सक्ने नरकुमारले बताए।

जस्तो सीप उस्तै रोजगार

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

OXFORD International

नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

## एनआईसी एशियाको नयाँ अफर

# बैशाख मसान्तसम्म किस्ता तिरे ब्याजदरमा १० प्रतिशत छुट पाइने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ बैशाख

एनआईसी एशिया बैंकले ग्राहकको लागि बिशेष छुट अफर ल्याएको छ । बैंकले कोरोना महामारीको अवधिमा नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको २ प्रतिशत ब्याज छुटका साथै वैशाख महिनासम्ममा तिर्नुपर्ने ब्याज वैशाख मसान्तभित्र चुक्ता गरेमा सम्पूर्ण ब्याज रकममा १० प्रतिशत छुट तथा जरिवाना ब्याजको शतप्रतिशत रकम छुटको योजना ल्याएको हो । बैंकले समग्र अर्थतन्त्रको सबलीकरणमा टेवा पुर्याउने उद्देश्यले नियमनकारी निकायबाट जारी निर्देशनको पालना गर्दै सोको अलावा थप सहुलियत प्रदान गरेको हो। नियमनकारी निकाय राष्ट्र बैंकले २ प्रतिशत छुट दिन निर्देशन दिए पनि बैंकले थप १० प्रतिशत छुट दिने निर्णय गरेको बैंकले जानकारी दिएको छ । नेपाल राष्ट्र बैंकको २०७६ चैत १६ गतेको निर्देशनको पालना गर्दै चैत मसान्तसम्ममा चुक्ता भुक्तान गर्नुपर्ने सम्पूर्ण मासिक तथा त्रैमासिक किस्ता चैत्र महिनाभित्र भुक्तानी गरेका ऋणीहरुको हकमा साधारण ब्याजको १० प्रतिशतले हुन आउने रकम ग्राहकको खातामा जम्मा गरिसकेको बैंकले जानकारी दिएको छ। साथै एनआईसी एशिया बैंकले आफ्नै पहलमा सबै प्रकारका कर्जाहरुमा लागू हुने गरी ल्याएको वैशाख मसान्तसम्ममा चुक्ता भुक्तान गर्नुपर्ने सम्पूण किस्ता/ब्याज रकम २०७७ वैशाख मसान्तसम्म भुक्तानी गरेमा साधारण ब्याजको १० प्रतिशत र हर्जाना तथा पेनल ब्याजको शतप्रतिशत मिनाहा गर्ने योजना लागु गरिसकेको छ । उक्त सुविधा मासिक तथा त्रैमासिक किस्ताबन्दी कर्जाहरुका साथै चालूपुँजी कर्जा तथा अन्य रिभल्विङ प्रकृतिका कर्जाहरुलगायत बैंकबाट प्रवाह भएका सम्पूर्ण कर्जाहरुमा लागू हुनेछ। बैंकले २०७७ वैशाख महिनासम्ममा नवीकरण गर्नुपर्ने कर्जाहरूको हकमा कर्जा नवीकरण नभएको आधारमा कुनै पनि थप ब्याज, जरिवाना तथा शुल्क नलाग्ने व्यवस्थासमेत गरिएको छ । प्राप्त गर्नुपर्ने छुट रकम जेठ महिनाको पहिलो साता भित्र सम्बन्धित ग्राहकको बैंक खातामा जम्मा गरिनेछ । बैंकले प्रदान गर्ने १० प्रतिशत छुट आधार दरमा कर्जा उपभोग गरिरहेका ऋणीहरुको हकमा लागू नहुने तथा बैंकले प्रदान गर्ने सहुलियतको कारणले ऋणीहरुको ब्याजदर बैंकको चैत मसान्तको आधार दर भन्दा कम नहुने गरी छुट प्रदान गरिने व्यवस्था गरिएको छ । नेपाल राष्ट्र बैंकले २०७७ वैशाख १६ गते कोभिड १९ बाट ऋणीहरुमा परेको असर न्यूनीकरण गर्न बैंक तथा वित्तीय संस्थाहरुले ऋणीहरुको २०७६ चैत मसान्तसम्म कायम ब्याज दरमा २ प्रतिशतले कम गर्न पत्र संख्या बैं.वि.नि.नि(नीति(सूचना( २१(०७६(७७ मार्फत निर्देशन जारी गरेको छ । यसबाट ऋणीहरुको २०७६ चैत्र मसान्तमा कायम ब्याजदरमा २ प्रतिशत विन्दुले कम गरी आर्थिक वर्ष २०७६(७७ को चौथो त्रयमासको ब्याज रकममा गणना गर्नुपर्ने तथा यसरी ब्याजदर गणना गर्दा बैंक तथा वित्तीय संस्थाहरु आधारदर भन्दा कम गर्न बाध्यकारी नहुने व्यवस्था राष्ट्र बैंकले गरेको छ । साथै २०७७ असार मसान्त पश्चात विद्यमान व्यवस्था अनुसार आधार दरका आधारमा कायम हुने ब्याजदर निर्धारण गर्न सकिने निर्देशनमा उल्लेख छ । तर माथि उल्लेख गरिएको छुटमा खाद्यान्न प्रशोधन तथा बिक्री वितरण, ग्यास उत्पादन तथा विक्री वितरण, सोप एण्ड केमिकल्स, औषधी विक्री वितरण, दुरसंचार सेवा प्रदायक, टेलिभिजन सेवा प्रदायक, सूर्ती तथा मदिराजन्य उद्योग, सञ्चालनमा रहेका जलविद्युत परियोजनाहरुमा छुट नपाउने व्यवस्था गरेको छ । राष्ट्र बैंकले यसअघि पनि २०७६ चैत १६ गतेको पत्र संख्या बैं.वि.नि.वि(नीति(सूचना(१८(०७६(७७ मार्फत निर्देशन जारी गर्दै २०७६ चैत मसान्तभित्र भुक्तानी गर्नुपर्ने मासिक वा त्रैमासिक किस्ताबन्दी कर्जाहरूमा ऋणीहरुले चैत्र महिनाभित्र नै ब्याज तथा किस्तामा समाविष्ट ब्याज रकममा १० प्रतिशत छुट प्रदान गर्न निर्देशन दिएको थियो । जसअनुसार ऋणीहरुले चैत मसान्तसम्ममा चुक्ता भुक्तान गर्नुपर्ने सम्पूर्ण मासिक तथा त्रैमासिक किस्ता, ब्याजलगायत तिर्न बाँकी रहेको वक्यौता साँवा तथा ब्याज भुक्तानी गरेमा साधारण ब्याजको १० प्रतिशतले हुन आउने रकम तथा जरिवाना ब्याजको शतप्रतिशत रकम छुट गर्न निर्देशन थियो । बैंकले ३१९ शाखा कार्यालयहरू, ४६१ एटिएम, १०८ वटा एक्स्टेन्सन काउण्टर एवं ६१ वटा शाखारहित बैंकिङमार्फत सेवा प्रदान गर्दै आईरहेको छ। उत्तरदायी बैंकिङको अभ्यास गर्दै आएको बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा करिब ३ अर्ब १५ करोड रुपैयाँ भन्दा बढी राजस्व सरकारलाई भुक्तानी गरिसकेको छ ।

# उखु किसानले अझै पाएनन् उखुको पैसा



**नवलपरासी, रासस-** उधारोमा उखु दिएबापत चिनी उद्योगबाट पाउनुपर्ने रकम नपाएपछि नवलपरासी(बर्दघाट-सुस्ता पश्चिम)का उख किसान मर्कामा परेका छन् । तीन चिनी उद्योगबाट रु ४० करोड बराबरको रकम किसानले पाउनुपर्ने बाँकी भए पनि समयमै भुक्तानी नभएपछि समस्यामा परेको उखु कृषक समितिका अध्यक्ष उमेशचन्द्र यादव बताउँछन् ।

समितिका अनुसार वाग्मती चिनी उद्योगले रु २५ करोड, लुम्बिनी चिनी उद्योगले रु १० करोड र इन्दिरा चिनी मिलले रु पाँच करोड बराबरको भुक्तानी दिन बाँकी छ । तीमध्ये वाग्मतीको आर्थिक वर्ष २०७६-०७७, लुम्बिनीको २०७५-०७६ र इन्दिराको आर्थिक वर्ष २०७५-०७६ मा किसानको उखु खरीद गरेबापतको रकम भुक्तानी दिन बाँकी देखिएको हो ।

सबै उद्योगले उत्पादन गरेको चिनी बिक्री गरिसके पनि हालसम्म किसानले भुक्तानी पाएका छैनन् । चर्को व्याजदरमा ऋण लिएर खेती गरेका कारण समयमा भुक्तानी नहुँदा दोहोरो मारमा परेको प्रतापपुर-७ छिवनीका किसान पप्पु गुप्ता बताउँछन् ।

यहाँ चार ठूला उद्योग रहेकामा मोहिनी चिनी उद्योगको उत्पादन बन्द छ भने लुम्बिनी र इन्दिराले चालु आवमा चिनी उत्पादन गर्न सकेका छैनन्। चालु आर्थिक वर्षमा नवलपरासीमा वाग्मतीबाहेक अन्य तीन वटै उद्योगको उत्पादन बन्द छ ।

चिनी उद्योगले समयमै रकम भुक्तानी नदिने प्रवृत्ति बढ्दै गएकाले सरकारले मूल्य निर्धारण गर्नेक्रममा उद्योगलाई भुक्तानी गर्ने समयावधिसमेत तोक्नुपर्ने प्रतापपुर- ७ झलनीपुरका उखु किसान मदनचन्द्र कोइरीको भनाइ छ ।

वाग्मती चिनी उद्योगले तत्कालका लागि पेश्कीस्वरुप किसानलाई केही रकम उपलब्ध गराउने जनाएको छ । सरकारले उखुको मूल्य प्रतिक्विन्टल रु ४७१ र पैसा २८ यस अगाबै निर्धारण गरिसकेको थियो । वाग्मतीले पहिलो चरणमा २०७७ असार मसान्तभित्र प्रतिक्विन्टल रु ३७१ र पैसा २८ को दरले भुक्तानी गर्ने र बाँकी आउँदो दशैंसम्म गर्ने तयारी गरिएको महाप्रबन्धक टंकनाथ काफ्लले बताए ।

पश्चिम नवलपरासीमा सुस्ता , प्रतापपुर, पाल्हीनन्दन र सरावल गाउँपालिकामा उखु खेती गरिन्छ। रामग्राम नगरपालिकाको केही भागमा पनि उखु खेती गरिँदै आएको छ । पछिल्लो पटक यस क्षेत्रमा उखु उत्पादनमा कमी आएको छ । कृषि ज्ञान केन्द्र पश्चिम नवलपरासीका अनुसार चालु आव २०७६- ७७ मा कुल तीन हजार ६२३ हेक्टर क्षेत्रफलमा एक लाख ७१ हजार ३५० मेट्रिक टन उखु उत्पादन भएको तथ्याङ्क छ । यसैगरी अघिल्लो आव २०७५/०७६ मा कुल तीन हजार ६६८ हेक्टर क्षेत्रफलमा एक लाख ७३ हजार ४९० मेट्रिक टन उखु उत्पादन भएको थियो ।

# कञ्चनपुरका ४३ योजनालाई काम गर्ने अनुमति

**भीमदत्तनगर/मस-** कञ्चनपुरमा लकडाउनका बेला विकास निर्माणका कामलाई सावधानी अपनाएर अघि बढाउन स्थानीय प्रशासनले ४३ योजनालाई अनुमति दिएको छ । कोरोना भाइरस नियन्त्रणका लागि लकडाउन गरिएपछि यहाँका विकास निर्माणको काम ठप्प रहेको थियो। लकडाउनको अवधि लम्बिने भएपछि जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले केही दिनयता साना, मझौला र ठूला आयोजनाको काम गर्न दिइने अनुमति दिएको हो ।

कञ्चनपुरका सहायक प्रमुख जिल्ला अधिकारी गोकर्णप्रसाद उपाध्यायले यहाँको महाकाली पुल योजना, महाकाली सिँचाइ तेस्रो चरण, हुलाकी राजमार्ग, विभिन्न पुल-पुलेसा, कल्भर्ट, सडक तटबन्धलगायतका योजनालाई काम गर्न अनुमति दिइएको जानकारी दिए। “निर्माणस्थलमा सामाजिक दूरी, मजदुरको सुरक्षा सतर्कतालगायत विषयमा समेत अनुगमन गरिनेछ”, उनले भने, “केही समयअघि क्वारेन्टाइनबाट ल्याएर २९ जना भारतीय मजदुरलाई पनि महाकाली पुलको काममा लगाइएको छ ।”

यता निर्माण व्यवसायीले भने काम गर्ने अनुमति दिए पनि निर्माण सामग्री अभाव रहेको बताएका छन् । “बजार नहुँदा कामले गति लिन सक्ने अवस्था छैन”, कञ्चनपुर निर्माण व्यवसायी सङ्घका सचिव योगेन्द्र ठकुराठीले भने, “गिट्टी र बालुवाले मात्रै काम हुने कुरो भएन ।” निर्माण सामग्री बजारमा नहुनुका साथै भारतीय बजारबाट विगतमा आउने गरेको उनको भनाइ छ । “सरकारले खोले पनि बजारलाई खुकुलो बनाउने विषयमा पनि पहल गर्नुपर्छ”, उनले भने, “अहिले ठेकेदारहरु आफूसित स्टक भएको सामान प्रयोग गरेर काम गर्दैछन् ।”

सरकारले लकडाउनका बेला ठूला योजना निर्माणका लागि भौतिक दूरी कायम गर्नुपर्ने, निर्माणमा खटिएका मजदुरको दैनिक नियमित ज्वरो मापन गर्नुपर्ने, सुरक्षा सावधानी अपनाउनुपर्ने र निर्माणस्थलमा एम्बुलेन्स सेवासमेत व्यवस्था गर्नुपर्नेलगायतको मापदण्ड जारी गरेको छ ।

# तारे होटल छ महिना बन्द गरिने



**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ बैशाख

कोभिड-१९ को प्रभावले आगामी छ महिनासम्म तारे होटल बन्द हुने भएका छन्। होटल व्यवसायीको छाता सङ्गठन होटल एशोसिएसन अफ नेपाल (हान) का पदाधिकारीको बैठकले वैशाख १ गतेदेखि लागू हुनेगरी ६ महिनाका लागि तारे होटल बन्द गर्ने निर्णय गरेको हो। कोभिड-१९ को प्रभावले समग्र पर्यटन क्षेत्रमा दूरगामी नकारात्मक प्रभाव पर्ने भएकाले ६ महिनाका लागि होटलको सेवा बन्द गर्ने निर्णय गरिएको हानका प्रथम उपाध्यक्ष विनायक शाहले जानकारी दिए ।

उनले पर्यटकस्तरीयदेखि पाँचतारे होटलमा यो निर्णय लागू हुने बताउँदै विशेषगरी पाँचतारे होटलमा ठूलो जनशक्ति भएकाले उनीहरुको व्यवस्थापनमा कठिनाइ उत्पन्न भएको बताए । अन्य पर्यटकस्तरीय होटल भने आवश्यकताका आधारमा सञ्चालन गर्न सकिने उनको भनाइ थियो । हानमा आबद्ध मुलुकभर पर्यटकस्तरदेखि पाँचतारे गरी करिब तीन हजार होटल आबद्ध छन् । यिनमा झण्डै ४८ हजार शचया रहेको बताइन्छ ।


विश्वव्यापी प्रभावसँगै नेपालको होटल क्षेत्रमा नराम्ररी असर पुगेको भन्दै व्यवसायीले सरकारसमक्ष राहत प्याकेज ल्याउन आग्रह गरिरहेका छन् । हानका प्रथम उपाध्यक्ष शाहका अनुसार अहिले बजेट निर्माणका क्रममा सरकारसँग रोजगार संरक्षण कोष स्थापना गर्न माग गरिएको र उक्त कोषमार्फत सामाजिक सुरक्षा कोषको रकम श्रमिक मजदुरलाई उपलब्ध गराउन आग्रह गरिएको छ ।

सामाजिक सुरक्षा कोषमा कामदारको एक प्रतिशत रकम जम्मा भएको र त्यो रकम ठूलो हिस्साको भएकाले उपयोग गर्न सकिने व्यवसायीको भनाइ छ । नेपाल पर्यटन बोर्डले कोभिडका कारण मुलुकको पर्यटन क्षेत्रमा पारेको असरबारे गरेको अध्ययनअनुसार पर्यटन क्षेत्रलाई रु २० अर्बको प्याकेज बनाएर पुनरुत्थान गर्न सकिने निष्कर्षसहितको प्रतिवेदन सरकारलाई बुझाएको छ ।

कोभिड-१९ को प्रकोपको प्रभाव तथा सरकारले घोषणा गरेको लकडाउनको कारण पर्यटन उद्योगमा दूरगामी नकारात्मक प्रभाव रहिरहने भन्दै सङ्घले कम्तीमा पनि आगामी एक वर्षसम्म पर्यटन उद्योग सुचारु रुपले चल्न नसक्ने आँकलन गरेको छ। सोही दृष्टान्तलाई मध्यनजर गरी वैशाख १ गतेदेखि ६ महिनासम्म सम्पूर्ण होटल व्यवसाय बन्द गर्ने सहमति भएको सङ्घद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

बैठकले ६ महिनासम्म होटलमा काम गर्ने कर्मचारीको हकम ६ महिनासम्म अर्थात् असोज मसान्तसम्म प्रत्येक महिना आधारभूत तलबको १२.५ प्रतिशतको दरले हुन आउने रकम उपलब्ध गराउनेछ । साथै सेवा शुल्क उपलब्ध गराउने होटलहरुले श्रमिकले पाउने सेवा शुल्क मौज्दातबाट प्रत्येक महिना उपलब्ध गराउने निर्णयसमेत गरेको छ ।

# जनप्रतिनिधिको सुविधा ‘कोरोना व्यवस्थापन कोष’मा



**मेलम्ची/मस-**इन्द्रावती गाउँपालिकाका जनप्रतिनिधिले एक महिनाको सेवा सुविधाबापतको रकम स्वेच्छिकरुपमा ‘कोभिड- १९ सङ्क्रमण रोकथाम तथा उपचार कोष’मा जम्मा गर्ने भएका छन् ।

आइतबार सो गाउँपालिकाका अध्यक्ष बंशलाल तामाङको अध्यक्षतामा बसेको ४६ औं गाउँ कार्यपालिकाको बैठकले सो निर्णय गरेको हो । गाउँपालिकाका अध्यक्ष तामाङ र उपाध्यक्ष मिरा लामा अधिकारीसहित १२ वटै वडाका वडाध्यक्ष तथा सदस्यले कोषमा रकम जम्मा गर्ने निर्णय गरेको जनाइएको छ ।

गाउँपालिकाभित्र कार्यरत शिक्षक तथा कर्मचारीको हकमा अधिकृतस्तरकाले पाँच र अन्यले तीन दिनको तलब स्वत:स्फूर्तरुपमा पालिकाले स्थापना गरेको सो कोषमा जम्मा गर्ने निर्णय भएको अध्यक्ष तामाङले जानकारी दिए।

कोषमा जम्मा हुने रकम कोरोना भाइरस नियन्त्रणका लागि आवश्यकताका आधारमा खर्च गरिने गाउँपालिकाले जनाएको छ । बैठकबाट गाउँपालिकाका विभिन्न विषयगत समितिमा पुनरावलोकन गरी सदस्यको पूर्णता दिनुका साथै सामुदायिक विद्यालयमा छिटो र छरितो माध्यमबाट विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराउन आवश्यक सहजीकरण गर्ने निर्णय भएको छ। इन्द्रावती गाउँपालिकाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, खाद्य तथा पोषण सुरक्षा आयोजनासँगको समन्वय र सहकार्यमा गाउँपालिकाभित्रका सम्पूर्ण कृषकलाई धरातलीय दृष्टिकोणले उपयुक्त स्थानमा नेपाल सरकारको सिफारिसमा गरेका वर्षायाममा लगाउन मिल्ने उन्नत जातको खाद्यान्न तथा तरकारी बालीको बीउबिजनसमेत वितरण गर्ने व्यवस्था मिलाएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीकृष्ण पौडेलले जानकारी दिए ।

# दराज र मेगा बैंकबीच सम्झौता

**काठमाडौं/मस-** मेगा बैंक र दराज डटकमबीच सम्झौता भएको छ । सम्झौता अनुसार बैंकका ग्राहकले दराजमार्फत सामान खरिद गर्दा विशेष छुट प्राप्त गर्ने भएका छन् । लकडाउनको विशेष परिस्थितिलाई ध्यानमा राख्दै बैंक र दराज डटकमबीच मेगा बैंकका ग्राहकहरुलाई सहज र सुरक्षित रुपमा घरमै सामान पुर्याउने गरि सम्झौता भएको हो। सम्झौताअनुसार, मेगा बैंकका डेबिट तथा क्रेडिट कार्ड प्रयोगकर्ता ग्राहकले दराजबाट सामान खरिद गर्दा १० प्रतिशत छुट पाउने छन् । डिजिटल बैंकिङ अन्तरगत नगदबिहीन कारोबारलाई बढवा दिने सरकारको नीतिलाई प्राथमिकतामा राखी बैंकले दराजसँग सम्झौता गरेको बैंकले जानकारी दिएको छ।

नेपालको संविधान तथा फौजदारी अपराज (संहिता) ऐन लगायत विद्यमान कानुनहरूले व्यक्ति, समुदाय, राज्य, लिंग, जाति, भाषा, धर्म, क्षेत्रको भावनामा आघात पुऱ्याउने गरी कुनै पनि प्रकारको भाषा साहित्य, लेख, रचना, गीतर चलचित्र, भिडियो निर्माण, प्रकाशन तथा प्रशारण गर्नुलाई फौजदारी कसुर ठहर्ने हुँदा जान अन्जानमा त्यस्ता कसुर नगरौं/नगराऔं
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**